सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बडडाँडा, प्युठान

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः- स्वा.२०७८/०७९

चलानी नं.:

मितिः- २०७८/०४/१२

## कोभिड-१९ विरूद्धको खोप लगाउने सम्बन्धि सरूमारानी गाउँपालिकाको सूचना !!!

प्रस्तुत विषयमा स्वास्थ्य कार्यालय, प्यूठानको मिति २०७८।०४।११, च.नं. १६ को प्राप्त पत्रानुसार सरूमारानी गाउँपालिका अन्तर्गत खोप उपलब्धताको आधारमा कोभिड-१९ विरूद्धको खोप लगाउने अभियान **मिति २०७८ साउन १४ र १५ गते** जोन्सन एण्ड जोन्सन खोपको एक मात्रा (Single Dose) मात्र संचालन हुने भएकोले तपसिलमा उल्लेखित लक्षित समुहले मात्र परिचय खुल्ने प्रमाण-पत्र सहित आफ्नो वडाको खोप केन्द्रबाट खोप लगाउनु हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ ।

### १. खोप दिने लक्षित समुहः

- ५० देखि ५४ वर्ष उमेर समुहका र ५४ वर्ष उमेर माथिका कोभिड विरूद्धको पहिलो मात्रा खोप लगाउन बाँकी सबै नागरिकहरू,
- खोप अनिवार्य गरेका देशमा जाने नेपाली नागरिकहरू र वैदेशिक रोजगारमा जाने तयारीमा रहेका व्यक्तिहरु,
- पूर्ण र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरु क र ख वर्गमा परेका मात्र,
- यस अघि खोप लगाउन छुटेका स्वास्थ्यकर्मी र सरसफाईकर्मी,
- हाल नेपालमा बसोबास गरेका शरणार्थीहरु ।

### २. खोप दिने र लिने आधारहरु

- उमेरको हकमाः उमेर खुल्ने आधिकारिक प्रमाण-पत्रको आधारमा,
- खोप अनिवार्य गरेका देशमा जाने र वैदेशिक रोजगारमा जाने तयारीमा रहेका नेपाली नागरिकहरुको हकमा पासपोर्ट र भिसाको आधारमा,
- अपाङ्गता भएका व्यक्तिहरुको हकमा जारी गरिएको अपाङ्गता परिचय पत्रका आधारमा,
- खोप लगाउन छुटेका स्वास्थ्यकर्मी र सरसफाईकर्मीहरुको हकमा परिचय पत्रको हकमा ।

..........................

स्वास्थ्य शाखा प्रमुख

(website:www.sarumaranimun.gov.np, Email : sarumarani2073@gmail.com 9857836022)